**धुनिबेशी नगरपालिकाको नगरस्तरीय कोरोना विपद् व्यवस्थापन समितिको मिति २०७८।०१।२१मा बसेको बैठकको प्रस्ताव तथा निर्णयहरुः-**

**प्रस्तावहरुः-**

१) DCCMC को बैठकको निर्णय परिपालना सम्बन्धमा ।

२) कोभिड रोकथाम तथा नियन्त्रणको लागि आवश्यक सामाग्री खरिद सम्वन्धमा ।

३) आइशोलेसन सेन्टर निर्माण साथै क्वारेन्टाईनको व्यवस्थापन सम्बन्धमा ।

४) निगरानी समुह गठन गर्ने सम्बन्धमा ।

५) समुदायमा सूचना प्रवाह सम्बन्धमा ।

**निर्णयहरुः-**

**निर्णय नं.१**

जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) धादिङको मिति २०७८।०१।१९मा भएको तपसिल बमोजिमका निर्णयहरुलाई परिपालना गर्ने गराउने निर्णय गरियो ।

**तपसिलः-**

१) औषधि उपचार, खाद्य वस्तु, तरकारी खरिद जस्ता अत्यावश्यक काममा बाहेक घर बाहिर ननिस्कने । नेपाल सरकारबाट जारी जनस्वास्थ्य र सुरक्षाका मापदण्ड पालना गर्ने ।

**क) जुनसुकै समयमा गर्न सकिने,**

१) पशुपन्छी/माछा/माछाको भुरा/कुखुरा पालन/कुखुराको चल्ला तथा अन्य पशुपन्छी र सोको लागि आवश्यक दाना र नर्सरीबाट विरुवा उत्पादन, घाँस तथा दाना उत्पादन ।

२) फलफुल, तरकारी, दुध र दुग्धजन्य पदार्थको उत्पादन, संकलन र भण्डारण ।

३) एग्रोभेट र भेटेरिनरी, औषधी पसलहरुको संचालन र तत्सम्बन्धी सेवा

४) सरकारी तथा निजी क्षेत्रहरुबाट संचालित स्वास्थ्य संस्था, अस्पताल, नर्सिङहोम, पोलिक्लिनिक, ल्याव, डाइग्नोष्टिक सेन्टरहरुको संचालन । सबै प्रकारका खोप लगायतका अत्यावश्यक सेवाहरुको संचालन ।

५) औषधीं पसलहरु (आर्युवेद, होमियोप्याथीक समेत)को संचालन

६) कृषि समाग्री, रसायनिक एवं प्राङ्गारिक मल बोकेका ढुवानीका साधनहरु

७) एम्वुलेन्स सेवा, दमकल, शव वाहन, सुरक्षा निकायका सवारीसाधन र विरामी वोकेका सवारीसाधन

८) खाद्य सामाग्री, पानी, ग्याँस, पेट्रोलियम पदार्थ बोकेका ढुवानीका साधनहरु

९) वढीमा ५ जना कामदार रहने गरी सवारीसाधन मर्मत गर्ने वर्कसप, इन्टरनेट जडान र मर्मत, प्लम्विङ, इलेक्ट्रिकल सेवा र पेट्रोलपम्प सञ्चालन ।

**ख) तोकिएको समयमा गर्ने,**

१) खाद्यन्न, फलफुल, तरकारी र दुग्धजन्य पदार्थ लगायतका अत्यावश्यक सामाग्री विक्रि गर्ने पसलहरु खोल्न सकिने । (विहान ६ बजे देखी ९ बजे सम्म)

२) टेक अवे सेवा दिन चाहने होटल तथा रेष्टुरेन्टहरुले सोको सूचना टाँस गरी विहान ८ बजे देखी वेलुका ८ बजे सम्म मात्र सेवा उपलब्ध गराउन सक्ने ।

**ग) सार्वजनिक सेवा सम्बन्धी,**

१) वैंक तथा वित्तिय संस्था, विमा, धितोपत्र, सहकारी मार्फत अति आवश्यकीय सेवा प्रवाह गर्नुपर्ने कार्य न्यूनतम कर्मचारीद्धारा सेवा संचालन गर्ने ।

२) अत्यावश्यक सेवा प्रदान गर्ने सरकारी कार्यालय र सार्वजनिक संस्थानमा अति आवश्यक न्यूनतम कर्मचारीलाई आलोपालो मिलाई तोकिएको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड अनुसरण गरी कार्यालय संचालन गर्ने । सो को व्यवस्था कार्यालय प्रमुखले मिलाउने ।

**घ) व्यवस्थापकीय कार्यसम्बन्धी,**

१) स्थानीय तह, रोजगारदाता, स्थानीय प्रशासनले आवागमन सहजीकरण गर्ने, सामाजीक दुरी कायम गराउने, अनिवार्य रुपमा माक्स प्रयोग गर्न लगाउने, स्यानीटाईजर, ग्लोभ्स प्रयोग गर्ने, गराउने ।

२) यथासम्भव विद्युतिय माध्ययमबाट भुक्तानी गर्ने, नगद कारोवार गर्दा खुद्र पैसाको लेनदेन कम हुने गरी गर्ने ।

**२) अर्को आदेश वा सूचना जारी नभएसम्म देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्न पाइने छैन ।**

क) क्याम्पस, विद्यालय लगायत सबै प्रकारका शैक्षिक संस्था तालिम तथा प्रशिक्षण केन्द्रहरुमा भौतिक रुपमा उपस्थित भएर पठनपाठन कार्यहरु,

ख) सबै प्रकारका सभा, आमसभा, जुलुस, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, जात्रा, महोत्सव ।

ग) सार्वजनिक एवं नीजि सवारीसाधनहरु एम्वुलेन्स, खानेपानी, स्वास्थ्य, संचारमाध्यम, रेडक्रस, खाद्यन्न, तरकारी, फलफुल, दुध तथा दुग्धजन्य पदार्थ, फ्रेस हाउस तथा मासु पसलहरु, वैंक तथा वित्तिय संस्था, दुरसञ्चार, विद्युत, फोहोरमैला व्यवस्थापन लगायतका ढुवानी तथा यातायातका साधनमा विषय उल्लेख गरी परिचय पत्र बोकेर संचालन गर्ने ।

घ) गैर खाद्य वस्तु विक्रि गर्ने व्यवसायिक मल, पार्टी प्यालेस, डान्सवार, दोहोरी, नाचघर, क्लव, हेल्थ क्लव, स्विमिङ पुल, फनपार्क, हाटबजार र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रमहरु ।

ङ) सार्वजनिक जमघट, धार्मिकस्थलहरु (मठ,मन्दिर, गुम्बा, मस्जिद, चर्च, गुरुद्धारा आदी) मा नित्य पूजा, ध्यान र प्रार्थना बाहेकका भेला एवं धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरु ।

च) रंगशाला, खेलकुदस्थल, फुटसल, शारिरीक सुगठनस्थल (जिमखाना), फिटनेस सेन्टर, सैलुन र व्युटिपार्लर ।

**निर्णय नं.२**

कोभिड-१९ को संक्रमण भई गम्भिर अवस्थामा पुगेका विरामीहरुको उपचार गरी कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्नका लागि आवश्यक संख्यामा साना तथा ठूला अक्सिजनका सिलिण्डर खरिद गर्ने र विद्युत लाईन गईरहने समस्याको वैकल्पिक रुपमा समाधान गर्न आवश्यक क्षमताको १ थान जेनेरेटर खरिद गरी तयारी अवस्थामा राख्ने निर्णय गरियो ।

**निर्णय नं.३**

आवश्यक तयारीका साथ धुनिवेशी नगरपालिका वडा नं. ९ स्थित कुवापानी आधारभुत विद्यालयमा क्वारेन्टिन स्थल निर्माण गर्ने र धुनिवेशी नगरपालिका वडा नं.९ कानाकोट स्थित स्वास्थ्य भवनको माथिल्लो तल्लामा ३ कोठा निर्माण गरी आइसोलेसन सेन्टर निर्माण गर्न तयारी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

विश्वभर फैलिँदै गएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारीको जोखिम रोकथाम, नियन्त्रण र उपचार व्यवस्थालाई थप प्रभावकारी बनाई जोखिम न्यूनिकरण र नियन्त्रणका लागि कोभिड-१९ को संक्रमण सम्बन्धी लक्षण देखिएका व्यक्ति वा अन्यत्र स्थानबाट घरआएका व्यक्तिहरुलाई निगरानीमा राख्न प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा आवश्यक संख्यामा सदस्यहरु थप गरी वडा स्तरीय निगरानी समुह गठन गर्ने र उक्त निगरानी समुहले आवश्यकता अनुसार नगरपालिका र स्वास्थ्य शाखासँग समन्वय तथा सुचना आदान प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

कोभिड-१९को दोस्रो लहरको महामारीबाट वच्न र बचाउनका लागि टोल वस्ती र समुदायमा तपसिल बमोजिमको सन्देशमूलक सूचना प्रवाह गरी व्यापक रुपमा प्रचार प्रसार गर्ने निर्णय गरियो ।

**तपसिलः-**

१) मदिराजन्य पदार्थहरु उत्पादन एवं विक्रिवितरण गर्ने, घर र पसलहरु अर्को सूचना जारी नभए सम्म बन्द गर्ने गराउने ।

२) यस नगर क्षेत्र भित्र संचालनमा रहेका बैंक, वित्तिय संस्था एवं सहकारी संस्थाहरुले सेवा प्रवाह गर्दा न्यून कर्मचारी मार्फत आलोपालो गरी सेवा प्रवाह गर्ने गराउने व्यवस्था मिलाउने । सबै प्रकारका शैक्षिक संस्थाहरु अर्को सूचना जारी नभए सम्मका लागि बन्द गर्ने गराउने ।

३) धर्म, संस्कृति र परम्परा अनुसारका चाडपर्वहरु मनाउँदा घर भित्रै मनाउने, अन्य व्यक्ति एवं पाहुनाहरुलाई आमन्त्रण नगर्ने, मठ, मन्दिरमा नजाने, भौतिक दुरी कायम गरी स्वास्थ्य सुरक्षा कायम हुने व्यवस्था स्वयं आफैले मिलाउने ।

४) नगर क्षेत्र भित्र भिडभाड हुने गरी जमघट, भेला नहुने, विना काम हिँडडुल नगर्ने, विना काम घरवाहिर ननिस्कने, अनिवार्य रुपमा मास्क प्रयोग गर्ने, पटक-पटक साबुन पानीले मिचि/मिचि हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने । घर बाहिर निस्किँदा २ मिटरको भौतिक दुरी अनिवार्य रुपमा कायम गर्ने ।

५) कोभिड-१९बाट संक्रमण भएको शंका लागेमा नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसँग तुरुन्त सम्पर्क गर्ने ।

६) नगर क्षेत्र भित्रका खाद्यान्न पसल किराना पसलहरुले सामान खरिद विक्रि गर्दा अनिवार्य रुपमा भौतिक दुरी कायम हुने गरी आलोपालो रुपमा लाइनमा राखी विहान ६:०० बजे देखी विहान ९:०० बजे सम्म सामान खरिद विक्रिको कार्य गर्ने ।

७) अत्यावश्यकीय सेवा प्रदान गर्ने निकायहरुले सेवा प्रदान गर्दा स्वास्थ्य-सुरक्षाको मापदण्ड पालना हुने गरी नियमित रुपमा सेवा प्रवाह गर्ने ।

८) विदेश वा स्वदेश भित्रकै संक्रमण फैलिएको स्थानबाट यस नगर क्षेत्रमा आएका व्यक्तिहरुको विवरण टिपोट गरी वडा कार्यालय तथा नगरपालिकामा अनिवार्य रुपमा जानकारी गराउने ।

९) सबै प्रकारका सभा, आमसभा, जुलुस, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, जात्रा, महोत्सव आयोजना नगर्ने, सहभागी नहुने ।